मिति २०८३।०५।१८ गतेको विपद व्यवस्थापन समितिको बैठकको निर्णय:

**प्रस्तावहरु :**

प्रस्ताव नं. १ : समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : पूर्वानुमानमा आधारित अग्रीम कार्यका लागि लाभग्राही स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ३ : भोटेकोशी नदीको बाढीमा सम्पर्क विहिन व्यक्तिको नामावली तथा राहत सम्बन्धमा

प्रस्ताव नं. ४ : भोटेकोशी नदीको बाढीमा सम्पर्क विहिन व्यक्तिको खोज तथा उद्दार सम्बन्धमा ।

प्रस्ताव नं. ५: भोटेकोशी नदीको बाढीमा सम्पर्क विहिन व्यक्तिको खोजीका लागि प्रतिनिधी पठाउने सम्बन्धमा ।

**निर्णय :**

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा हाल सम्म विपद व्यवस्थापनका क्षेत्रमा भए गरेका कार्यको समिक्षा गरियो |

**निर्णय नं.** २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको कर्णाली नदीलाई कार्य क्षेत्र बनाई चालू आ.व.२०८३।०८४ का लागि विश्व खाद्य कार्यक्रम/ सप्रोस नेपालले पूर्वानुमानमा आधारित विपद पूर्व कार्य अन्तर्गत नगद सहायता कार्यक्रम संचालन गरेको सन्दर्भमा उक्त कार्यक्रमका लागि विपद संवेदनशील सामाजिक सुरक्षा मापदण्ड, २०८१ तथा पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा, २०८३ बमोजिम लाभग्राहीहरुको नाम विवरण वडा स्तरीय विपद व्यवस्थापन समितिबाट स्वीकृत भई लाभग्राही कायमका लागि स्थानीय विपद व्यवस्थापन समितिमा सिफारिस भई आएको तपसिलको लाभग्राही विवरण स्वीकृत गर्ने र लाभग्राहीको नामावली विवरण वेवसाइट मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | वडा नं. | संख्या | कैफियत |
|---|---|---|---|
| १ | २ | ७९२ | |
| २ | ५ | ८४९ | |
| ३ | ६ | १९८ | |
| ४ | ७ | ५२८ | |
| ५ | ८ | ९१३ | |
| | जम्मा | ३२८० | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

**निर्णय नं. ३** : प्रस्ताव नं.३ माथि छलफल गर्दा मिति २०८३।०५।१० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढीको कारण टीकापुर नगरपालिका क्षेत्रका सम्पर्क विहिन रहेका विवरण खोज तथा उद्दारका लागि सम्बन्धित निकायमा सिफारिस गरेको र आगामी दिनमा समेत पहल कदमी गर्ने साथै मिति २०८३।०५।१३ गतेको जिल्ला प्रशासन कार्यालय कैलालीको सूचना बमोजिम पिडितहरुका लागि कुनै जिन्सी/ वस्तु प्रदान गर्न ईच्छुक सहयोगी व्यक्ति वा संस्थाहरुले सम्बन्धित स्थानीय पालिका वा नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखामा सम्पर्क गर्न वा गराउनु हुन अनुरोध भई आएकोले उक्त सूचना बमोजिम राहत संकलन तथा वितरण सम्बन्धमा सम्बन्धित वडा तथा ने. रे. सो. पालिका समिति टीकापुर कैलालीसँग समन्वय गरी संकलन तथा वितरणको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं.४ माथि छलफल गर्दा मिति २०८३।०५।१० गते भोटेकोशी नदीमा आएको बाढीले टीकापुर नगरपालिका क्षेत्रभित्रका सम्पर्क विहिन रहेका ३४ जना व्यक्तिको हाल सम्म खोजी कार्यमा ढिलाई भएको देखिएको हुँदा सम्पर्क विहिन मानिसहरुको तत्काल खोज तथा उद्दारका लागि गृह मन्त्रालय लगायत सरोकारवालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८३।०५।१० गते भोटेकोशी नदीमा आएको बाढीबाट यस टीकापुर नगरपालिका क्षेत्रभित्रका सम्पर्क विहिन भएका व्यक्तिको खोजी कार्यका लागि टीकापुर नगरपालिका, नगर कार्यपालिकाको नेतृत्वमा खोजी कार्यमा सहजीकरणका लागि पठाउने निर्णय गरियो । साथै उक्त कार्यमा जान लाग्ने खर्च कार्य संचालन निर्देशिका, २०६८ बमोजिम आवश्यक व्यवस्थाका लागि नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner